NARC Publication Serial Number 0085-8/2013/14

# खल्ला धान खेतमा बर्सिमको सतही - खेती (Surface seeding) प्रविधि

दीनानाथ तिवारी
वरिष्ठ प्राविधिक अधिकृत
क्षे.कृ.अ.के.खजुरा ।

## परिचय

नेपालको तराई क्षेत्रको विविध भू परिधि ( Diversified landscape ) परिस्थितिले गर्दा कतिपय खेतीयोग्य जमिनहरु प्रयोगमा नरहेको वा आंशिक मात्र प्रयोगमा रहेको पाईन्छ । जस्तै: कतिपय खल्ला धान खेतहरु (Low land Rice Field ) धानको कटान गरि सकेपछि पनि लामो समयसम्म हिलो वा बढी चिस्यान रहि रहने अवस्थामा माटो लाई खनजोत गरी समयमै अन्य खाद्यान्न बालीको खेती गर्न सक्ने सम्भव हुँदैन । त्यस्तो परिस्थितिको लागि बिना खनजोत जमिनको सतहमा बर्सिमको बिउ छरेर उक्त समस्याग्रस्त भू भागमा हरियो घाँस उत्पादन लिन विकसित गरिएको "बर्सिमको सतही खेती (Surface seeding) प्रविधि" प्रयाप्त मात्रामा हरियो घाँसको उत्पादन लिन सकिन्छ ।

## प्रविधिको उपयोगीता:

- सुविधायुक्त सीमित खेतीयोग्य जमिनमा खाद्यान्न बाली उत्पादन लिनु पर्ने बाध्यताले गर्दा चाहिने जति क्षेत्रफलमा घाँस खेती गर्न नसक्ने अवस्थामा धान कटान पश्चात प्राय: खाली रहने भू भागबाट घाँस उत्पादन लिन सकिने ।
- उक्त समस्याग्रस्त जमिनमा धान बाली पछिको बाली चक्रमा अर्को कोशे दालबालीको खेती गर्न सम्भव नरहेको हुँदा क्रमश: माटोको कार्वनिक तत्त्व तथा उर्वराशक्तिमा ह्रास भैरहने अवस्थामा बर्सिमबालीले उक्त तत्त्वहरुको आपुर्ति मा टेवा दिने ।
- यस प्रविधिको प्रयोगबाट कम लागतमा प्रयाप्त मात्रामा घाँस उत्पादन लिन सकिने ।



कृषि मन्त्री हरी पराजुलीद्वारा बर्सिमको सतही - खेती विधिको अवलोकन



बर्दियामा "सतही बर्सिम खेती प्रविधि" परिक्षण

## खेती प्रविधि:

- धान कटानपछि खेतमा प्रयाप्त हिलो अथवा छिपछिपे पानी भएको साथैं विउ छरेको लगभग ४५ देखि ६० दिन सम्म सामान्य चिस्यान रहि रहने किसिमको भू-भागको छनौट गर्नु पर्दछ ।
- यस खेतीको लागि बढी बलौटे माटो भएको जमिन उपयुक्त हुदैन ।
- छिपछिपे पानी वा हिले माटोको अवस्थामा ८०० ग्राम देखि १ किलो प्रति कट्ठा का दरले बर्सिमको सुख्खा बिउ जमिनको सतहमा बराबर पर्ने गरी छर्नु पर्दछ ।
- यदि खेतमा चिस्यान समान रुपमा छैन अथवा छिपछिपे पानी सुखी सकेको छ भने बिउलाई १२ घण्टा पानीमा भिजाई ओभानो पारी छर्नु पर्दछ ।
- पहिलो चोटी नयाँ जग्गामा खेती गर्नु परेमा राइजोवियम ट्राइफोल्ली (Rhizobium trifolii) कल्चर १६ ग्राम प्रति के.जी. बिउमा मिसाई प्रयोग गर्नु पर्दछ ।

## मलखादको प्रयोग



यस प्रविधिमा सामान्यतय: धान लगाउदा सिफारिस मात्रामा मलखाद प्रयोग भएको अवस्थामा बर्सिमको घाँस उत्पादनको लागि प्रति कट्ठा १ किलो युरीया बिउ छरेको ४५ दिनमा र सोही मात्रा क्रमश: प्रत्येक कटान पछि टप ड्रेसिंग गरे पुग्छ । तर प्रयाप्त मात्रामा घाँस वा बिउ उत्पादन लिनको लागि प्रति कट्ठा. थप ३ केजी डिएपी, १.५ कजी युरीया तथा १.२ केजि म्युरेट अफ पोटास बिउ छर्नु भन्दा लगभग १२ घण्टा अगावै हिले माटोमा छर्नु पर्दछ ।

## सिचाईको आवश्यकता

सन्तोषजनक बर्सिम उत्पादनको लागि माटोमा सधै हल्का चिस्यान रही रहनु पर्दछ । तसर्थ चिस्यानको अवस्था हेरी समय समयमा सिंचाई गर्नु पर्ने आवश्यक हुन्छ । तर खेतमा पानी जम्मा रही रहनु उपयुक्त हुँदैन ।

## हरियो घाँस उपलब्ध हुने समय



माथि उल्लेखित समयमा बिउ छरेको ५०-६० दिन भित्र हरियो घाँसको पहिलो कटान गर्न सकिन्छ ।
माथि उल्लेखित अनुसारको, मलखाद र पानीको समुचित प्रयोग भएमा यस प्रविधिबाट २ पटक सम्म हरियो घाँस कटान पछि बिउ उत्पादनसमेत लिन सकिन्छ ।

## उत्पादन

यस प्रविधिवाट हुने घाँस उत्पादन माटोको प्रकार, मलिलोपना र चिस्यान रहने समय इत्यादि अनुसार फरक फरक रहेको देखिन्छ । तैपनि माथी उल्लेखित अनुसारको माटो, मलखाद र पानीको समुचित प्रयोग भएको अवस्थामा सिजन भरिमा प्रति कट्ठा लगभग १९ देखि २२ कुन्टल हरियो घाँसको उत्पादन रहेको पाइएकोछ ।



## उपयुक्त जातहरु

यस प्रविधिका लागि बर्सिमका बरदान र मेस्काबी जातहरु उपयुक्त देखिएका छन् ।